# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१

## चमेना गृह सञ्चालनार्थ शिलबन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०६/१२)*

मरिण गाउँपालिकाका जनप्रतिनिधि, मरिण गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी, मरिण गाउँपालिकामा पाल्नुहुने आगन्तुक एवं मरिण गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा प्राप्त गर्न आउने सबै सेवाग्राहीहरुलाई सस्तो, सुलभ तथा गुणस्तरीय खाजा-खानाको व्यवस्था गर्न, गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीको खाजा खाने समयको बचत गरी नागरिकहरुलाई तोकिएको समयमा विना झन्झट छिटो, छरितो तवरले सेवा प्रदान गर्न गाउँ कार्यपालिका कार्यालयको कम्पाउण्ड भित्र चमेना गृह संचालन गर्नु पर्ने भएको हुँदा देहाय बमोजिमको शर्तको अधीनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा ईच्छुक व्यवसायिक फर्म वा व्यावसायीहरुले तोकिएको खाना/खाजा एवं परिकारको ईकाइ अनुसार अनुमानित अधिकतम् दररेटमा नबढ्ने गरी के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ? सोको प्रयोजनार्थ शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सूचना आह्वान गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. दरभाउपत्र फारम दस्तुर बापत रु. १,०००/- (अक्षरेपि एक हजार मात्र) मरिण गाउँपालिकाको राजश्व शाखामा बुझाई वा राष्ट्रिय वाणिज्य बैंक, कपिलाकोट शाखामा रहेको मरिण गाउँपालिकाको राजश्व खाता नं. ग-१-१. १५३०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरी सञ्चालकको नेपाली नगरिकता प्रमाणपत्रको छायाँ प्रति, स्थायी लेखा (PAN) दर्ता भएको प्रमाण पत्रको छायाँ प्रति, स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको छायाँ प्रति, आ.व. २०७९/०८० को करचुक्ता प्रमाण पत्रको छायाँ प्रति, सञ्चालक स्वयम् उपस्थित हुन नसकेको खण्डमा सक्कल अख्तियारी नामा र अख्तियारी प्राप्त गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्रको छायाँ प्रति सहित दरभाउपत्र फारम गाउँ कार्यपालिकाको कार्यालय कपिलाकोट, सिन्धुलीमा निवेदन पेश गरी खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। सोही दिनको दिनको २:०० बजे दरभाउपत्रदाता वा प्रतिनिधिको रोहबरमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दरभाउपत्र खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खाम बन्दी गरी बाहिर दरभाउपत्र दाताको नाम, ठेगाना, सम्पर्क नं., सिलबन्दी लाहाछाप संख्या, दरभाउपत्रमा आधिकारिक व्यक्ति एवं फर्मको सही छाप भएकोलाई मात्र मान्यता दिइनेछ ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. चमेना गृह सञ्चालन गर्दा सञ्चालकले पानी तथा विद्युत शुल्क एवं घरभाडा वापत मासिक रु. २०,०००।-(अक्षरेपि बीस हजार मात्र) का दरले एकमुष्ट कार्यालयमा बुझाउनु पर्नेछ । साथै चमेनागृहका लागि आवश्यक पर्ने फर्निचर एवं सामग्री लगायतका व्यवस्थापन गाउँपालिकाले गर्नेछ । गाउँपालिकाले उपलब्ध गराएको फर्निचर एवं सामग्री लगायतका अन्य उपकरणहरु हराएमा र टुटफुट भएमा संचालक स्वयम् जिम्मेवार हुनेछ ।

६. चमेना गृह भित्र धुम्रपान तथा मदिराजन्य पदार्थ एवं कानूनले बर्जित वस्तुको सेवन तथा बिक्री वितरण गर्न पाईने छैन ।

७. कार्यालयले तोकेको समयमा मात्र चमेना गृह सञ्चालन गर्नु पर्नेछ ।

८. दरभाउपत्र मूल्याङ्कन गर्दा न्यूनतम प्रति एकाई दरको योगफललाई छनौटको आधार मानिनेछ ।

९. धरौटी बापत रु.५०,०००।-(अक्षरेपि पचास हजार रुपैयाँ मात्र) रकम राष्ट्रिय वाणिज्य बैंक, कपिलाकोट शाखाको राजश्व खाता नं. १५३०१००३०१०१०००२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा मरिण गाउँपालिकाको राजश्व शाखामा नगद बुझाएको सक्कलै नगदी रसिद पेश गर्नु पर्नेछ ।

१०. सम्झौताको अवधि गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । तोकिए बमोजिमको गुणस्तर/परिमाणमा हाइजेनिक सेवा प्रवाह गरे/नगरेको कार्यालयबाट अनुगमन गरिनेछ । साथै अनुगमनको क्रममा दिएको सुझावको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ । चमेना गृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह तथा वरपरको सरसफाई स्थितिको बारेमा अनुगमन हुँदा पूर्वनिर्धारित स्तरको सेवा-प्रवाह सन्तोषजनक भएको नपाईएमा जुनसुकै बखत गाउँ कार्यपालिकाको कार्यालयले सम्झौताको शर्त मुताविक आवश्यक कार्वाही गर्न सक्नेछ ।

११. तोकिएको भन्दा न्यून गुणस्तर/परिमाणको सेवा प्रवाह गरेमा गाउँ कार्यपालिकाको कार्यालयले धरौटी जफत गरी सम्झौता जुनसुकै बखत रद्द गर्न सक्नेछ । साथै गाउँपालिकाले उपलब्ध गराएको सामग्री एवं उपकरणहरु हराएमा, लापारबाहीको कारण टुटफुट भएमा धरौटीबाट कट्टा गरी असुल उपर गरिनेछ । न्यूनतम अंक कबोल गरी सम्झौता नगर्ने दरभाउपत्र दाताको धरौटी जफत्र गरिनेछ ।

१२. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयको हुनेछ ।

१३. माथि उल्लेख नभएका शर्तहरुको हकमा आपसी समझदारी, कार्यालयको निर्णय वा प्रचलित कानून अनुसार हुनेछ ।

१४. थप जानकारीका लागि कार्यालयको website: marinmun.gov.np वा फोन नं. ९८५४०४४१३० मा सम्पर्क गर्न सकिनेछ ।

२०८०।०६।१२

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत